# साँगुरीगढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## भेडेटार, धनकुटा
## दरखास्त आह्वानको सूचना
प्रथम पटक प्रकाशित मिति २०७५/०५/३०

यस कार्यालयको लागि सेवा करार बाट देहायको संख्या र योग्यता भएको कर्मचारी पद पूर्ती गर्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक उम्मेदद्धारहरुले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा कार्यालयबाट दरखास्त लिई तोकिएको समय भित्र दरखास्त दिन हुन जानकारी गरिन्छ।

तपशिल :

| क्र.सं. | विज्ञापन नं. | पद | शैक्षिक योग्यता | आवश्यक संख्या |
|---|---|---|---|---|
| १. | ०२/०७५-७६ | ईन्जिनियर | लोक सेवा आयोगले लिने सिभिल इन्जिनियर जनरल पदको लागि चाहिने न्यूनतम योग्यता | १ (एक) |

१. दरखास्त दिने स्थान : साँगुरीगढी गाउँकार्यपालिका कार्यालय, भेडेटार, धनकुटा।
२. उमेर : दरखास्त दिने मितिसम्म १८ वर्ष पूरा भै ४५ वर्ष ननाघेको।
३. दरखास्त साथ शैक्षिक योग्यताको प्रमाणपत्रहरु, नेपाली नागरिकताको प्रमाणपत्रहरु, बसाईसरी आएको हकमा बसाई सराई दर्ता प्रमाणपत्र, सूचना अनुसार शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि, इन्जिनियरिङ परिषदमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि साथै सबै प्रतिलिपिमा व्यक्ति स्वयमले पछाडि पट्टि आफैले सक्कल बमोजिम नक्कल ठिक छ भनी प्रमाणि गरेको हुनुपर्ने।
४. निवेदन दस्तुर : रु. १०००/- यस कार्यालयको नेपाल बंगलादेश बैंक, भेडेटार शाखाको संचितकोषको खाता नं. ९५९०१००२२० मा जम्मा गरेको सक्कल बैंक भौचर दरखास्त साथ पेश गर्नु पर्नेछ।
५. करार अवधि : २०७६ असार मसान्तसम्म। अन्य कार्य सम्झौतामा उल्लेख भए अनुसार हुने।
६. मासिक पारिश्रमिक : नेपाल सरकारले उक्त पदको लागि तोकेको स्केल।
७. छनौटको प्रकृया : सूचिकरण, लिखित परिक्षा र अन्तरवार्ता।
८. अंकभार : सूचिकरणको लागि

    १.शैक्षिक योग्यता वापत २० अंक ( विशिष्ठ श्रेणी- २०, प्रथम श्रेणी-१५, दितिय श्रेणी-१०, तृतीय श्रेणी-५)
    २.कार्य अनुभव - १० अंक (प्रतिवर्ष २ अंकका दरले प्रमाणित विवरण संलग्न भएको हुनुपर्ने )
    ३. स्थानीय बासिन्दा - १० अंक ( सम्बन्धीत पालिका बासिन्दा भएको १० अंक, जिल्लाबासी भएका ५ अंक )

९. लिखित परीक्षा वापत ४० अंक (प्रथम र दितिय पत्र एउटै पेपरमा उल्लेख हुने अंक भार २०/२० अंक)
१० अन्तरवार्ता वापत २० अंक
११. दरखास्त दिने अन्तिम मिति २०७५/०६/११
१२. थप जानकारीका लागि ०२५४०००५८ वा वेभ पेज www.sangurigadhimun.gov.np वा फेसबुक पेज सागुरीगढी गाउँपालिकामा मा हेर्न र पढ्न सकिनेछ।
१३. रित नपुगी प्राप्त भएको दरखास्त उपर कुनै कारवाहि हुने छैन।

प्रमुख प्रशासकिय अधिकृत